| | | |
|---|---|---|
| ७. श्री शंकरबहादुर जोशी | शाखा अधिकृत, पञ्चायत तथा स्थानीय विकास मन्त्रालय। | राजपत्राङ्कित तृतीय श्रेणी, वाणिज्य मन्त्रालय वा अन्तर्गत कार्यालय। |
| ८. श्री पुष्कर श्रेष्ठ | शाखा अधिकृत, पूर्वाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालय। | " " |
| ९. श्री गणेशलाल शाख | शाखा अधिकृत, वीर अस्पताल। | शाखा अधिकृत, खानी तथा भूगर्भ विभाग। |

## सूचना ६

श्री ५ को सरकारले मिति २०४२।११।३ को निर्णयानुसार श्री हरिप्रसाद अधिकारीले पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको शाखा अधिकृत पदबाट दिएको राजीनामा मिति २०४२।१०।२२ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

## सूचना ७

श्री ५ को सरकारले मिति २०४२।११।३ को निर्णयानुसार श्री राघवेन्द्रकुमार द्विवेदीले राष्ट्रिय योजना आयोगको सचिवालयको शाखा अधिकृत पदबाट दिएको राजीनामा मिति २०४१।१२।१ देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४२।११।३ को निर्णयानुसार लेखापरीक्षण सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, महालेखा परीक्षकको विभागको लेखापरीक्षण अधिकारी श्री विष्णुदास श्रेष्ठलाई महालेखा परीक्षकको विभागका पदाधिकारीहरू सम्बन्धी नियमावली, २०१८ को नियम ७.२ (२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम मिति २०४२।११।३ देखि स्वेच्छिक अवकाश दिइएको छ।

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

852